आज मिति २०८०।०३।०१ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु।

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

रामानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

## नगर कार्यपालिकाको आ.व.०७९।८० को १४औं २०८०।०३।०१ का प्रस्ताव तथा कार्यसूची,

प्रस्ताव नं. १४.०१ गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १४.०२ आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १४.०३ १३औं नगरसभाको तयारी एवं व्यवस्थापनको लागि व्यवस्थापन समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. १४.०४ नगरको लोगो निर्माण सम्बन्धमा,

प्रस्ताव नं. १४.०५ बेरुजु नियमित गर्ने सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १४.०६ मालपोत रजिष्ट्रेशन जग्गा मूल्याङ्कन,

प्रस्ताव नं. १४.०७ सिमाना पुन: नापी गर्न सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १४.०८ नगरसभाको तयारी सम्बन्धमा,

प्रस्ताव नं. १४.०९ बसपार्कको IEE स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १४.१० वडा नं. १ को कार्यालय भवन निर्माण सम्बन्धमा,

प्रस्ताव नं. १४.११ नगरसभामा सम्मान कार्यक्रमको लागि सिफारिस समिति सम्बन्धमा,

प्रस्ताव नं. १४.१२ सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा,

प्रस्ताव नं. १४.१३ बाणगङ्गा नदीको मधुवन धाम क्षेत्रको ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, संकलन तथा निकासी सम्बन्धमा,

प्रस्ताव नं. १४.१४ विविध।

चक्रपाणी अर्याल
नगर प्रमुख

*मिति: २०८०।०३।०१, बाणगङ्गा नगरपालिका आ.व. २०७९।८० को कार्यपालिका बैठक संख्या: १४*

**प्रस्ताव नं. १४.०१**
**गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**
**निर्णय नं. १४.०१**

अघिल्लो बैठक मिति: २०८०।०२।१३ गतेको बैठकले सर्वसम्मत रुपमा पारित भएका निर्णयहरु स्वीकृत बजेट सिलिङबाट कार्यान्वयन गर्न पत्राचार गरी योजना तर्जुमा प्रकृयामा रहेको, स्वीकृत स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको, पिपरा अस्पतालमा रिक्त दरबन्दीमा रहेका कर्मचारीहरुको पदपूर्ती गर्न आवेदन संकलन भईरहेको, अव्यवस्थित बसोबासीहरुको जिल्ला समन्वय समितिमा सिफारिस भएको साथै सबै निर्णयहरु कार्यान्वयनमा रहेको जानकारी कार्यपालिका बैठकमा प्रस्तुत गरियो।

**प्रस्ताव नं. १४.०२**
**आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा,**
**निर्णय नं. १४.०२**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम अनुसूची-१ बमोजिम नगर सभामा पेश गर्ने गरी सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १४.०३**
**१३औं नगरसभाको तयारी एवं व्यवस्थापनको लागि व्यवस्थापन समिति गठन सम्बन्धमा,**
**निर्णय नं. १४.०३**

यस नगरपालिकाको १३औं नगरसभा संचालनको लागि निम्नानुसारको सञ्चालन समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>
संयोजक – छविलाल रेश्मीमगर – वडा नं. ४ अध्यक्ष
सदस्य – शारदा परियार – वडा नं. ८ सदस्य
सदस्य – केशबराज भट्टराई – अधिकृत सातौं
सदस्य – शान्तराज आचार्य – अधिकृत सातौं
सदस्य – लक्ष्मी पौडेल – अधिकृत छैठौं

**प्रस्ताव नं. १४.०४**
**नगरको लोगो निर्माण सम्बन्धमा,**
**निर्णय नं. १४.०४**

यस बाणगङ्गा नगरपालिकाको वस्तुस्थिती प्राकृतिक सौन्दर्य, धार्मिक तथा प्रर्यटकीय स्थल समेत समेटिने गरी लोगो निर्माण गरी उपलब्ध गराउने सार्वजनिक सूचना आव्हान गर्ने र उत्कृष्ट लोगोलाई मूल्याङ्कन गरी निर्माण गर्तालाई रु.२५,०००।- पुरस्कार स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १४.०५**
**बेरुजु नियमित गर्न सिफारिस गर्ने सम्बन्धमा,**
**निर्णय नं. १४.०५**

महालेखा परीक्षकको कार्यालयबाट विभिन्न आर्थिक वर्षहरुको अन्तिम लेखा परीक्षण हुँदा औंल्याईएका बेरुजुहरु नियमित गर्न भनि उल्लेख भएका बेरुजुहरु लेखा समितिमा विस्तृत छलफल भई नियमित गर्न सिफारिस भई आएका (अनुसूची-२) बमोजिमका बेरुजुहरु सम्परीक्षण गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

वज्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. १४.०६**
**मालपोत रजिष्ट्रेशन जग्गा मूल्याङ्कन,**
**निर्णय नं. १४.०६**

यस बाणगङ्गा नगरपालिकाको सबै वडामा रहेका जग्गाहरुको (अनुसूची-३) बमोजिम मालपोत रजिस्ट्रेशन जग्गा मूल्याङ्कन गरी मालपोत कार्यालय, कपिलवस्तुमा पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १४.०७**
**सिमाना पुनः नापी गर्न सिफारिस गर्ने सम्बन्धमा,**
**निर्णय नं. १४.०७**

नगरबाट वडाहरुलाई वार्षिक बजेट बिनियोजन गर्दा भुगोल, जनसंख्या, राजस्व र भौगोलिक अवस्थाको विश्लेषणलाई आधार बनाईदै आएकोमा यस नगरपालिका तथा वडाहरुको वास्तविक अवस्था एउटा र सिमाङ्कनमा अर्को देखिएकोले पटक पटक सिमा सम्बन्धी विवाद देखिंदै आएकोले यसको पुनःनापी गरी नक्सा कायम गर्न सम्बन्धित निकायमा पठाउने गरी निर्णायार्थ नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १४.०८**
**नगरसभाको तयारी सम्बन्धमा,**
**निर्णय नं. १४.०८**

यही मितिः२०८०।०३।०२ गते शनिवारको दिन हुन गईरहेको १३औं नगरसभाको प्रथम बैठकमा नीति तथा कार्यक्रम पेश हुने कार्यतालिकामा रहेको र दोर्सो बैठक २०८०।०३।०८ गते भएकोमा उक्त सभाको बैठक जेष्ठ ०९ गते सञ्चालन गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १४.०९**
**बसपार्कको IEE स्वीकृत गर्ने सम्बन्धमा,**
**निर्णय नं. १४.०९**

पूर्व पश्चिम राजमार्गसंग जोडिएको बाटोको दक्षिण मधौलिया सामुदायिक वनको क्षेत्रमा बसपार्क निर्माण कार्यको लागि ....... कन्सलटेन्सी मार्फत निर्माण गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रस्तुत भई सुझाव समेत उपलब्ध गराईएकोले सुझावहरु समावेस समेत गरी स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १४.१०**
**वडा नं. १ को कार्यालय भवन निर्माण सम्बन्धमा,**
**निर्णय नं. १४.१०**

२०८० वैशाख १ गते सर्वदलिय बैठकको निर्णयानुसार एवं वडा नं. १ को चलानी नं. २४०६, मितिः२०८०।०१।२९ को पत्रानुसार वडा कार्यालयको प्रशासनिक भवन बुद्ध रंङ्गशालाको दक्षिण पूर्व, कवर्डहलको पूर्वपट्टीको करिब १ कठ्ठा जग्गामा निर्माणको लागि सिफारिस भई आएकोले निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. १४.११**

**नगरसभामा सम्मान कार्यक्रमको लागि सिफारिस समिति सम्बन्धमा,**

**निर्णय नं. १४.११**

चालु आ.व. २०७९।०८० को नीति तथा कार्यक्रममा गरिएको व्यवस्था बमोजिम नगरपालिकालाई उत्कृष्ट योगदान गर्ने कार्यक्रम अन्तर्गत उत्कृष्ट कर्मचारी, संचारकर्मी, सुरक्षा कर्मी, विद्यालय, शिक्षकहरुलाई गर्नुपर्ने भएकोले कार्यपालिकालाई सिफारिस गर्ने गरी निम्नानुसारको पुरस्कार सिफारिस समिति निर्माण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री खिमानन्द भुसाल - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री राजकुमार तिवारी - अधिकृत आठौं |
| सदस्य | श्री केशबराज भट्टराई - अधिकृत सातौं |

**प्रस्ताव नं. १४.१२**

**सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा,**

**निर्णय नं. १४.१२**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ४१२ मा सार्वजनिक जग्गा व्यवस्थापन तथा संरक्षणमा रहेको बजेटबाट हाललाई निम्नानुसार बजेट विभाजन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजना तथा स्थान | बजेट रकम |
|---|---|---|
| १ | कपिलवस्तु सामुदायिक अस्पताल सार्वजनिक जग्गा संरक्षण | १० लाख |
| २ | बंगलामुखि मन्दिर जग्गा संरक्षण | ३ लाख |
| ३ | बिसनपुरा खेल मैदान संरक्षण | २ लाख |

**प्रस्ताव नं. १४.१३**

**बाणगङ्गा नदीको मधुवन धाम क्षेत्रको ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, संकलन तथा निकासी सम्बन्धमा,**

**निर्णय नं. १४.१३**

बाणगङ्गा नदी अन्तर्गत मधुवन धाम क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिएको स्थानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट अनुगमन गर्दा केही नगदी रसिदहरु बरामद गरिएको, सो को अभिलेख यस कार्यालयमा नरहेको, कार्यालयबाट पटक पटक अनुगमन गउदा प्रमाणित गरिए बाहेकको नगदी रसिदहरु फेला नपरेको, अनुगमनको क्रममा बरामद गरिएका नगदी रसिदहरुको विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा माग गर्दा हालसम्म विवरण प्राप्त हुन नआएको, उक्त विषय संवैधानिक निकायमा प्रवेश गरिसकेको अवस्थामा निर्णयमा पुग्न उपयुक्त नहुने अवस्था देखिएकोले आयोगबाट कारवाहीको लागि यस कार्यालयलाई लेखि आए पश्चात आवश्यक कारबाही अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४.१४**

**विविध**

**निर्णय नं. १४.१४**

१. वडा नं. ५ झण्डा कुलो भत्किएर खेत डुवान हुनसक्ने देखिएकोले तत्काल JCB प्रयोग गरी मर्मत गर्नुपर्ने भएकोले खर्च हुने रु.२५,०००।– (अक्षेरुपीः पच्चिस हजार) विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

२. वडा नं. ५ को चुलै थारुको छोरा वर्ष ६७ का दुवै खुट्टा नचल्ने पूर्ण अपाङ्ग भएको बम बहादुर थारु र निजको छोरीलाई मितिः२०८०।०२।१८ गतेका दिन धारिलो हतियार प्रयोग गरी हत्या भएकोले निजको घरको अवस्था दयनीय भएकोले मृतकहरुको काजक्रिया खर्च वापत रु.२५,०००।-/ रु.२५,०००।– (अक्षेरुपीः पच्चिस/पच्चिस हजार) विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चक्रपाणी अर्याल
नगर प्रमुख

खिमानन्द मु...
प्रमुख प्रशासकीय अधिकृत

३. ४०० मी दौड जुनियर च्याम्पियन तुल्सीराम थारुको ब्रेन हेमरेजका कारण हाल उपचारार्थ अस्पताल भर्नामा रहेकोले निजको परिवारलाई विपद व्यवस्थापन कोषबाट रु.५०,०००।–(अक्षेरुपी:पचास हजार) रकम उपलब्ध गराउने निर्णय गरियो ।

४. भूमि अधिकार तथा श्रमिक संगठन जिल्ला कमिटी, कपिलवस्तुलाई अन्य संस्था सहायता शिर्षकबाट रु. २५,०००।- (अक्षरुपी:पच्चिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

५. नेपाल विद्यालय कर्मचारी परिषद्लाई रु.१०,०००।– (अक्षेरुपी:दशहजार) उपलब्ध गराउने निर्णय गरियो ।

६. झापा जिल्ला, भद्रपुर विश्व मानव समुदायमा नेपाललाई चिनाउने अभियानमा साईकल यात्रीको रुपमा "नेपाली झण्डाको चिनारी र नेपालको पहिचान" नाराकासाथ विश्वभरी साईकल यात्राको थालनी गरेकोले यस जोखिमपूर्ण र साहसिक कार्यलाई पूर्ण सफल बनाउन आर्थिक सहयोग माग भई आएकोले रु.५,०००।– (पाँच हजार) उपलब्ध गराउने निर्णय गरियो ।

७. बाणगङ्गा-८ को ढोडेकोल-पूर्वटोल नहर तत्काल निर्माण गर्नु पर्ने भएकोले उक्त नहर निर्माणको लागि तटबन्ध बाँध तथा सिंचाई संरचना शिर्षकबाट रु.५,००,०००।- (अक्षेरुपी:पाँचलाख) उपलब्ध गराउने निर्णय गरियो ।

८. नगरभित्रका टोल विकास संस्थाहरु गठन तथा पुन:गठन तथा योजना तर्जुमा प्रकृयामा बैठक लगाएतमा खर्च भएको रकम भुक्तानीको लागि वडाबाट माग भई आएको तर सम्बन्धित शिर्षक नभएकोले विविध खर्च शिर्षकबाट प्रतिवडा अधिकतम रु. ४०,०००।- नबढ्ने गरी रु.४,००,०००।- (चार लाख) सम्बन्धित वडाका वडा सचिवलाई उपलब्ध गराउने निर्णय गरियो ।

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश

चक्रपाणी अर्याल
नगर प्रमुख